# सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
पोखरा ८, कास्की

## १४ औ बार्षिक साधारणसभामा कोषाध्यक्षद्धारा प्रस्तुत आ.व. २०६९/०७० को आर्थिक प्रतिवेदन

अध्यक्ष तथा शेयर सदस्यज्यूहरु,

आर्थिक वर्ष २०६९/०७० को लेखापरीक्षक प्रतिवेदन सहितको आर्थिक प्रतिवेदन साथ उपस्थित भएको छु । हामी सवैको हातमा प्रतिवेदन पुस्तिकाको एक प्रति परिसकेको छ । समग्र प्रतिवेदनहरुको अध्ययन सदस्यहरुबाट भएकै हुनु पर्दछ ।

संस्थाको कूल सम्पति तथा दायित्वमा ३१.४५ प्रतिशतले बृद्धि भई यस वर्षको अन्त सम्म रु.२४,६९,७७,६२६।४७ पुगेको छ । प्रस्तावित कूल आम्दानीमा सतप्रतिसत प्रगति भएता पनि खूद मुनाफा अनुमान गरिएभन्दा केही कम छ । गतवर्षको तुलनामा यसवर्ष तरलतामा सुधार आएकोले चालुवर्षमा संस्थाले खुद मुनाफामा पनि शतप्रतिसत प्रगति गर्ने अनुमान गर्न सकिन्छ । सम्पूर्ण कोषहरुको व्यवस्था सहकारी ऐन नियम तथा संस्थाको विनियम बमोजिम नै भएका छन् । यस संक्षिप्त प्रतिवेदनलाई निम्न प्रमूख शिर्षक अन्तर्गत प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. शेयर पुंजी :**

आर्थिक वर्ष २०६९/०७० को श्रावणदेखि कार्तिक मसान्तसम्म सदस्यता वितरण खुल्ला गरिएकोमा नयाँ सदस्यहरुबाट रु.१३,४७,०००/ थप शेयर जम्मा भई चूक्ता पूँजी रु.३,२३,५६,०००/ पुगेको छ , जुन गतवर्षको तुलनामा ४.३४ प्रतिशतले बढि हुन आउँछ । यसवर्ष संस्थामा प्रसस्त तरलता भएको र कारोवारको दृष्टिकोणले मौजुदा शेयर पूँजि प्रयाप्त भएकोले पुराना सदस्यहरुबाट थप शेयरको लागि आव्हान नगरिएको व्यहोरा जानकारी गराउन चाहान्छु । चालुवर्षमा पनि नया सदस्यताको लागि यहि २०७० साल कार्तिक मसान्तसम्म प्रवेश खुल्ला गरिएको छ ।

**२. निक्षेप :**

यस आ.व.मा कूल निक्षेप गतवर्षको तुलनामा रु.५,५१,८८,५७०/८१ ले बढेको छ, जुन गतवर्षको निक्षेपमा ३७.४० प्रतिशतले बृद्धि भएको छ । यसवर्षको कूल निक्षेप मध्ये बचत निक्षेप ७२.७० प्रतिशत र आवधिक निक्षेप २७.३० प्रतिशत रहेको छ । सञ्चय बचत र बाल बचत खाताहरुको रकम समेत उल्लेखनीय रुपमा बढेको छ । यसवर्षको अन्तमा सवै निक्षेपको खाता संख्या गरी कूल १९८९ पुगेको छ । सबै शेयर सदस्यहरुलाई मासिक बचत खातामा रकम जम्मा गर्न अनिवार्य गरिएको छ र कुनै पनि सदस्यले लगातार ६ महिनाभन्दा बढि महिनाको मासिक बचत जम्मा नगरेको अवस्थामा त्यस्ता सदस्यहरुले संस्थाबाट पाउने सेवाहरु रोक्का गरिने नियम गतवर्ष १३ औं बार्षिक साधारणसभाबाट पारीत भईसकेको छ । निक्षेपको विस्तृत विवरण अनूसुची-३ मा दिईएको छ ।

**३. ऋण तथा लगानी :**

यसवर्ष कूल ऋण लगानी रु.६,१६,०५,४५३/६७ ले बृद्धि भएको छ जुन गतवर्षको तुलनामा ५०.०३ प्रतिशतले बढेको देखिन्छ । यसमध्ये भाखा नाघेको ऋण रु.१४,५१,९६४/९१ रहेको छ । यो भाखा नाघेको ऋण कूल ऋण रकमको ०.७९ प्रतिशत मात्र हुन्छ । गत वर्षको तुलनामा यो वर्ष भाखा नाघेको ऋण केहि बढेको देखिएता तापनी सो मध्ये रु.९ लाख ऋण श्रावणको दोश्रो हप्तासम्ममा असुल उपर भईसकेको छ । यस आ.व.को अन्तमा भाखा नाघेको ऋणको अंश केहि बढेकोले ऋणको लागि व्यवस्था खर्चमा गतवर्षभन्दा केहि बढि देखिएको छ । गतवर्ष सहकारी विभागको निर्देशन बमोजिम घरजग्गामा जाने ऋणमा केहि कडाई गरेको अवस्थाले यस संस्थाको आवास शिर्षक अन्तर्गत ऋणको अनुपात केहि घटेको छ । यसवर्ष कूल ऋण लगानी रु.२०,०८,४०,०००/ र असुली रु.१३,९२,३५,०००/ भई वर्षको अन्तमा ३३३ जना सदस्यहरुलाई रु.१८,४७,३०,४४६/६३ ऋण लगानी गएको छ ।

यसै वर्ष साहस हाईड्रोपावर कम्पनीमा रु.१०,००,०००/ (दशलाख) शेयर लगानी गर्ने निर्णय बमोजिम पहिलो किस्ता वापत रु.४,००,०००/(चारलाख) भुक्तानी भईसकेको छ भने राष्ट्रिय सहकारी बैंकमा रु.५०,०००/ (पचासहजार) शेयर थप गरि रु.१,००,०००/पुऱ्याईएको छ ।

उपरोक्त ऋण तथा लगानी पछि बढि तरलताको रुपमा रहेको रकमलाई विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा १ बर्षे अवधिको मुद्दती खाता खोली अधिक तरलतालाई व्यवस्थापन गरिएको छ । ऋण, लगानी तथा नगद बैंक मौज्दातहरुको विस्तृत विवरण अनुसूची ४,५ र ६ मा दिईएको छ ।

**४. स्थिर सम्पति :**

यस वर्ष स्थिर सम्पति अन्तर्गत रु.२,२४,७४७/ बरावरका केही कार्यालयमा आवश्यक मेसिन तथा उपकरणहरु खरिद गरिएको छ । समय सापेक्ष कार्यालयको काम चुस्त दुरुस्त राख्नको लागि आवश्यक मेसिन उपकरण अर्थात् सम्पत्तिहरु थप गर्दै जाने संस्थाको योजना रहेको छ । यसवर्ष ह्रासकट्टी रु.१,७८,०२९/ घटाउँदा स्थिर सम्पतिमा गतवर्षको तुलनामा रु.४६,७१८/ले अर्थात् ७.५५ प्रतिशतले बृद्धि भएको छ । स्थिर सम्पति र सोमा भएको ह्रासकट्टी विवरण अनुसूची-१३ मा दिईएको छ ।

**५. आम्दानी तथा खर्च :**

यस आ.व. ०६९/०७० मा संस्थाले कूल आम्दानी रु.२,९९,९७,७१२/७१ र कूल खर्च रु.२,४०,४८,४०३/४६ गरी रु.५९,४९,३०९/२५ खूद मुनाफा आर्जन गर्न सफल भएको छ । यो मुनाफा गत वर्षको प्रक्षेपित गरिएको खुद मुनाफाको ९४.६२ % लक्ष्य प्राप्त गरेको छ । यस वर्ष अनुमानित गरिएको आम्दानीतर्फ १८.३० % र अनुमानित खर्चतर्फ २६.१० % ले बृद्धि भएको छ । यसवर्षको आयकर रु.१४,०४,०५०/८६ कट्टी गर्दा रु.४५,४५,२५८/३९ खुद बचतमा थप हुन आउँछ । उक्त खुद बचतलाई संस्थाको विनियमको दफा ५२ (क) बमोजिम बाँडफाँड गरिएको छ । विस्तृत विवरण लेखापरीक्षण प्रतिवेदनको अन्तिम पेजमा दिईएको छ ।

**६. प्रशासनिक तथा अन्य खर्चहरु :**

यसवषको लागि प्रशासनिक खर्चतर्फ रु.३२,६१,५००/ स्वीकृत भएकोमा रु.२६,५८,७७९/०६ मात्र खर्च भएको छ भने व्याज खर्चतर्फ रु.१,५४,५५,०००/ अनुमान गरिएकोमा रु.२,०१,४०,६५०/१८ खर्च भएको छ । त्यसैगरी ऋण जोखिम व्यवस्था तर्फ रु.३,५०,०००/ प्रस्ताव गरिएकोमा रु.७,२०,९४५/ बढि खर्च भएको छ । प्रशासनिक खर्च कूल सञ्चालन खर्चको ११.५७ प्रतिशत मात्र रहेको छ ।

**७. जगेडा तथा अन्यकोष :**

आ.व.२०६८/६९ मा जगेडा तथा अन्य कोषमा रु.९३,०३,३९९/४७ रहेकोमा यसवर्ष रु.१९,९०,२४०/ सदस्यहरुलाई वितरण र यसवर्षको खुद बचत रु.४५,४५,२५८/३९ थप भई रु.१,१८,५८,४१७/८६ पुगेको छ , जसमा जगेडा कोषमा मात्र रु.८४,४९,४७३/८६ रहेको छ । विस्तृत विवरण लेखापरीक्षण प्रतिवेदनको अन्तिम पेजमा दिईएको छ ।

अध्यक्ष तथा सदस्यज्युहरु,

रजिष्टर्ड लेखापरीक्षक एल भट्टराई एण्ड एसोसियट्सबाट अन्तिम लेखापरीक्षण भै तयार पारिएको प्रतिवेदन सहित यो आर्थिक प्रतिवेदन माथी यस सभाले छलफल गरी पारीत गरी दिनूहून शादर अनुरोध गर्दछु । यसै प्रतिवेदनमा संलग्न चालुवर्षको प्रस्तावित आय व्यय तथा प्रशासनिक खर्चलाई समेत स्विकृती प्रदान गरीदिनु हुन अनुरोध छ । छलफलका क्रममा शेयर सदस्यज्यूहरुवाट आउने जिज्ञासा र सुझावलाई हार्दिकता पुर्वक ग्रहण गर्ने नै छु ।

अन्त्यमा कोषाध्यक्षको जिम्मेवारी सम्पादन गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सहयोगी हात र मनहरुप्रति आभार व्यक्त गर्दछु । धन्यवाद जय सहकारी ।

मितिः २०७०/०५/२९

प्रतिवेदन प्रस्तोता

यज्ञराज शर्मा

कोषाध्यक्ष